क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्ष: २०, अङ्क: ५४, २०८२ साउन २२ गते बिहीबार (7 Aug., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

❖ लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्नः

❖ घर वरिपरी पानी जम्न नदिऔं,
❖ घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
❖ गोठ तथा खोर घरभन्दा टाढा राखौं,
❖ पुरा बाहुला भएको कपडा लगाऔं,
❖ सुत्दा झुल लगाएर मात्र सुतौं,
❖ झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

"लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड

# थारु समुदायका महिला 'भेंम्टी' खोज्न व्यस्त

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २१ साउन**

साउनको झरीले खेत पाखा राम्रैसँग भिजिसकेका छन्। धानका गाँजा हरिया भएका छन् । खेतबारीबाट फुर्सदिला भएका यहाँका थारु समुदायका महिला-पुरुषहरू वर्षातको झरीको पर्वाह नगरी भेंम्टी (जङगली च्याउ) खोज्न व्यस्त छन । 'बर्खाको समयमा बनतिर गइहाल्न मन लागिहाल्छ', शुक्लाफाँटा नगरपालिका-१० का राजबहादुर चौधरीले भने,'भेंम्टीको स्वाद एक पटका लागि भएपनि चाख्नैकै लागि वन चहार्दै हिड्नु परेको छ ।' वर्षातका बेला भेंम्टीको तरकारी खानुको मज्जा बेग्लै हुने गरेको उनि बताउँछन् । वर्षातमा थारु समुदायको पोषिलो खान्कीमा भेंम्टी रहने गर्दछ ।



थारु भाषामा 'च्याउ' लाई भेंम्टी भनिन्छ। यो च्याउ पोषिलो, नरम र स्वादिलो हुने गर्दछ। साउन, भदौ, असोज र कात्तिक गरी चार महिनामा जङगल डुल्नेहरूको उद्देश्य एउटै हुन्छ । खाने लायक भेंम्टीको खोजी । भेंम्टीको तरकारी निकै स्वादिलो हुने भएकाले वन क्षेत्रबाट नखोजी घरै नफर्कने भोंसुवा चौधरीले बताए । 'हामीलाई थाहा हुन्छ' किसान चौधरीले भने,'कुन च्याउ(भेंम्टी) विषालु हो र कुन खान मिल्ने, खान मिल्ने च्याउ मात्रै टिप्छौं ।' पूर्खौं देखि खान योग्य र अयोग्य च्याउको पहिचान गर्न थारुलाई आउने गरेको उनले बताए ।

उनका अनुसार साउन महिनाको भेंम्टी सानो टुप्पो भएको, लामो जरासहितको हुन्छ। भदौ असोजतिर टाउको ठूलो, जरा अझ लामो । 'कहिलेकाहीँ त एक हातसम्म लामो जरा भएको च्याउ पनि भेटिन्छ' चौधरीले भने। कात्तिकमा चाहिँ भेंम्टी सानो प्रजातीको हुन्छ, यसलाई 'कटकी' भनिन्छ । वर्षातमा पाइने भेंम्टी एकै ठाउमा धेरै पाइन्छ । 'वनका सबै ठाउमा भेंम्टी पाईदैन' ६८ वर्षीय परदेशी डगौराले भने, 'कुन कुन ठाउमा भेंम्टी पाईन्छ, कुन बेला पाईन्छ, त्यो कुरा बुढापाकाहरुलाई र उनिहरको संगत गर्नेहरुलाई मात्रै थाहा हुन्छ ।' 'यो वर्ष जुन ठाउमा भेंम्टी पाईयो, अर्को वर्ष पनि त्यही ठाउमा भेंम्टी पाईन्छ, ठाउ चिन्न सक्नु परयो, विशेष गरी भेंम्टी औसी र पूर्णिमाका दिन उर्मिने गरेको बुढापाकाहरुबाट सुनेको छु' उनले भने ।

उनका अनुसार भेंम्टी च्याउको तरकारी खाने व्यक्तिलाई पेट सम्बन्धी रोगहरु र उच्चरक्तचापबाट छुटकारा पाईन्छ । विशेष गरी यो च्याउ विशेष गरी धमिराले बनाएका पुराना माटोको ढिस्को नजिक पाईन्छन ।

थारु समुदायको परम्परा अनुसार, भेंम्टी केवल वनबाट टिप्ने वस्तु मात्र होइन, यो त चाडपर्वका बेला पाहुनालाई पस्कीने विशेष परिकार पनि हो । दशैं, अष्टम्की जस्ता पर्वहरूमा पाहुनाहरुका लागि भेंम्टीको सुकुटी र माछा मिसाएर बनाइने स्वादिलो परिकारका दाल, भात, र मासु संगै पस्कीने गरिन्छ । 'भेंम्टी थोरै मात्रामा खाए औषधि, धेरै खाए रोग,' अनुभवी थारुहरू भन्नुहुन्छ, 'धेरै भेंम्टीको तरकारी खाए यसले पखाला लगाउछ, सन्तुलन मिलाएर खाएमा यसले पेटमा हुने अपचलाई ठिक गर्दछ ।'

सही भेंम्टी छुट्याउने कला थारु समुदायमा पीढी दर पीढी सर्दै आएको छ । थारु समुदायका बुढापाकाहरुका अनुसार खाने च्याउ गहिरो जरा भएको, समूहमा उम्रिएको, टिप्दा सजिलै नटुट्ने हुन्छ । 'नखाने च्याउ सानो जरा भएको टुट्ने बित्तिकै टुक्रिने, र अलिक फरक रंगको हुन्छ, देख्ने बित्तिकै थारु आँखाले चिनिहाल्छ' चौधरी भन्नुहुन्छ । च्याउमा प्रोटिन, खनिज र भिटामिन हुन्छ । बोसोको मात्रा निकै न्यून हुने भएकाले पचाउनका लागि सहज हुने उहाँको भनाई रहेको छ। 'थारु समुदायले प्राचिन काल देखिनै च्याउलाई तरकारीका रुपमा पकाएर खान थालेका हुन' उनले भने, 'अहिले पनि जारी राखेका छन, वन क्षेत्र संरक्षण गरिदा भने सहज रुपमा च्याउ टिप्न पाइने गरेको भने छैन, वन छिर्न झन्झट हुन थालेपछि नयाँ पिढीले भेंम्टी टिप्न छाडदै गएका छन ।'

# सम्झनालाई न्याय माग्दै विद्यार्थी सडकमा





**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २१ साउन**

घरभित्रै झुण्डिएर आत्महत्या गरेकी बेलडाँडी गाउँपालिका २ की सम्झना भधट्टलाई न्याय माग गर्दै विद्यार्थीहरुले प्रहरी कार्यालय अगाडि प्रदर्शन गरेका छन् ।

आइतबार १ ७ वर्षिया भट्ट बेलडाँडी २ सिहपाल टोलस्थित घरभित्रै झुण्डिएको अवस्थामा मृत भेटिएकी थिइन् । उनी लिटिल बुद्ध एकेडेमीमा कक्षा १२ मा अध्ययनरत थिइन् ।

विद्यालयका विद्यार्थीहरुले विहान जिल्ला प्रहरी कार्यालय अगाडि सडकमा सम्झनालाई न्याउ देउ भन्दै नाराबाजी गरी प्रदर्शन गरेका छन् । सम्झनाको तस्बिर सहित सम्झनालाई न्याय दे भन्ने लेखिएको ब्यानर बोकेर उनीहरुले नाराबाजी गरे । प्रहरी कार्यालयपछि उनीहरुले प्रशासन कार्यालयमा पनि सम्झनालाई न्याय मागेका छन् ।

भीमदत्त नगरपालिका -६ ऐठपुर माइती भएकी उनको बेलडाँडीका पवन भट्टसंग गत फागुनमा प्रेम विवाह भएको थियो । भट्ट अमिटी कलेजका विद्यार्थी हुन् ।

अहिले सम्झनाका पति पवन सहितका सासु र ससुरा आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धानका लागि प्रहरी हिरासतमा छन् । सम्झनाका माइतीले भट्ट विरुद्ध प्रहरी कार्यालयमा जाहेरी दिएको छ । 'आत्महत्या दुरुत्साहनमा अनुसन्धानका लागि मृतकका श्रीमान्सहित सासूससुरालाई अदालतबाट म्याद थप गरी हिरासतमा राखेर अनुसन्धान प्रक्रिया अगाडि बढाएका छौँ', जिल्ला प्रहरी कर्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक सागर बोहराले भने ।

सम्झनाको झुण्डिएइको भेटिएको दिन उनका श्रीमान् पवनलाई पक्राउ गरएको थियो । त्यसपछि उनका सासु र ससुरालाई पनि पक्राउ गरिएको छ ।

सम्झना आइतबार सुत्ने कोठामा झुण्डिएको अवस्थामा फेला परेकी थिइन् । उनका माइती पक्षले श्रीमान् तथा परिवारका सदस्यहरूले घरेलु हिंसा गर्ने, दाइजोको निहुँमा यातना दिने र मानसिक तनाव दिने गरेको आरोप लगाएका छन् ।

सोही कारण सम्झनाले आत्महत्याको बाटो रोजेको उनहरुको आरोप छ। गत शनिबार सम्झना र पवनबीच झगडा भएको थियो ।

झगडापछि त्यही दिन दुवै जना बेलडाँडी प्रहरी चौकीमा पुगेका थिए । प्रहरीले दुबै जनालाई सम्झाई-बुझाई घर पठाएको थियो ।

त्यसको भोलिपल्ट सम्झना घरमै मृत फेला परेकी हुन् । मृतकको शव परीक्षणका लागि महाकाली प्रादेशिक अस्पतालमा राखिएको छ ।






# सुर्मा सरोवर बिरिजात मेला

नरेन्द्र बहादुर थापा
जयपृथ्वी नगरपालिका–११ पिठालेक बझाङ

**हिउँकि हिमान्चल पानिकी छाया ।**
**सुनकी भौरणी फोणी मान्तालोक आया ।**
**कैकी छ पुत्र,कैकी छ जाया?**
**ईन्दैकापुत्र मन्डवीकी जाया।**

परापूर्व कालखण्डमा भुमीराज देवताको यो धर्तिमा आगमन भएको पाइन्छ। जस्मा जात्राको नालीबेली पनि जोगिन्छ। भुमीराज देवताका सोह्र बहिनि थिए, सबै भन्दा जेठी दुर्गादेवी र कान्छी सुर्मादेवी हुन। सुर्मादेवी छिपिली (चोखो) देवीको रूपमा लिइन्छ। किम्वदन्ति अनुसार महादेवका सात भाई थिए।

**सातै भाई महालिङ्ग (महादेव) दानवैले खाया ।**
**एकलो महालिङ्ग ओलान डोलान माल मुनि लाग्या ।।**

महादेवका छ वटा भाई दानवले खाई दिएपछी घुम्दैफिर्दै महादेव मालकी थली पुर्णागिरि तर्फ लागे। महादेव र भुमिदेवको भेट पिपलको बोट भएको चौतारीमा हुन्छ। दुवै अपरिचित थिए, दुवैको एक आपसमा कुराकानी भएछ, हुँदा हुँदा परिचय हुन्छ, महादेवले भुमिराजलाई कहाँ जान लागेको सोधेपछी भुमिराजले ज्वाई खोज्न हिडेको बताउछन, भुमिराजले महादेवलाई सोधेपछी महादेवले कन्या खोज्न हिडेको भन्छन।

जवाफ सुनेपछी भुमिराज जुवा खेल्न प्रस्ताव गर्छन। भुमीराजले जुवा हारेपछि सोह्र बहिनिको बिवाह महादेव संग गरिदिने र महादेवले जुवा हारे भुमिराजको बाख्रा चराईदिने बाजी राखेर जुवा खेलेछन, भुमिराजले जुवा हारेछन, सर्त अनुसार महादेव संग सोह्रै बहिनिको बिवाह गरिदिए। दुर्गादेवी भुमिराज भन्दा जेठि भएकीले महादेवलाई भिनाजु भन्छन।

**धौल्पुरको जन्मः** किंवदन्ती अनुसार बाउद र राउद भन्ने दुई भाई थिए। उनिहरु बझाङको घोगाणा भन्ने ठाउमा बस्दथे। त्यही समयमा आगनमा बिस्कुन अनाज सुकाईने चलन रहेको थियो। यसरी आगनमा सुकाइएको बिस्कुनलाई जङ्गली जनावर थार आएर दिन दिनै खाँदो रहेछ, सधै यसरी बिस्कुन सिद्याय पछी बज्यैले सहन गर्न नसकी बाजेलाई भनीछन, तौरो झकुलो पागणो हमीदेउ, हौरो गुन्युचोलो तमी लैझाउ, त्यति बेला पागणो एक प्रकारको पहिरन लगाउने गर्दथे।


यती सुनेपछी दुवैजना बाजे मिलेर थारलाई लखेटेछन, थारलाई लखेट्दा लखेट्दा सुर्माको जलजला भन्ने ठाउँमा पुगाएछन, गर्भवती थार लडेछ बच्चा तुहिएछ, यसरी धौल्पुरको जन्म भएको थियो। सुर्माभवानी माताले थारको (भेष) रुप धारण गरेर गएकी थिईन भन्ने मान्यता अहिले पनि रहीआएको छ।

महादेवका १६ वटा श्रीमती र एक निजेरी नामकी कमारी थिईन, राक्षस कमारी निजेरीका पुत्र डाडाबाघ थिए, सुर्माले थारको रुप धारण गरेका बेलामा धैल्पुर (धौल्देउ) लाई छोडेर आएकी थिईन। बच्चालाई छोडेर आएपनी पछि पिउला भनेर दुध छोडेर आईछन, त्यो दुध डाडाँबाघले पिएको हुनाले राक्षस पुत्र डाडाबाघ देवता बनेको बिश्वास गरिन्छ।

सुर्मा भवानीमाता थारको भेषमा आएको बेला सिकारिले लखेट्दै लिदा सुर्मा तालमा बिलाएको बुढापाका बताउछन।

**सुर्मादेवीको सरोवर यात्राः** किंवदन्ती अनुसार महादेवलाई कुष्ठरोग लागेछ, रोगको उपचारका लागी विभिन्न औषधी तथा जडीबुटी प्रयोग गरिएको थियो। यति गर्दा पनि रोग निको भएन, लसुन पिसेर लगाएपछी निकोहुने सुनेपछी दुर्गाले सुर्मालाई लिएर लसुन पिस्न लगाईछिन, दुर्गाले ओखलमा लसुन राखी मुसलले कुट्न सुरु गरिछन, लसुन उछीट्टीएर ओखल बाहिर गएछ, लसुन बटारेर ओखलमा राख्न दुर्गाले सुर्मालाई भनिन, सुर्माले रुमालले नाक छोपेर बिपरित दिसा फर्केर लसुन बटारेर ओखलमा राख्न थालिन, यस्तो गरेको देखेपछी दुर्गाले रिसाउदै भनिन,"तत्तिकी छिपिली छै बैना हिउसंकर झानू (त्यती चोखो भए यो ठाउ छोडेर हिमालय जाउ) दुर्गाको यस्तो बचन सुनेपछी सुर्माले भनिन " हिउसंकर झाउलो भनी मनमाई गुमानु (यो ठाउ छोडी हिमाल तिर जाने बिचार मेरो पनि थियो) यस पटक भन्दा पहिले दुई बहिनि बिच मनमुटाव हुदा दुर्गाथलि मन्दिर थलिनौबिस बाट पागरको आधा बोट चुडेर सुर्मादेवीले लिएर आएको किंम्वदन्ती रहेको छ, त्यो जस्ताको त्यस्तै अहिले पागरचडी मन्दिर भित्र देखिन्छ।

दुर्गाको बचन सुनेपछी सुर्मा हिमालतिर जान लागिन, सुर्मा गएपछी निजेरि पनि उनको पछी लागिन। सुर्माले खुट्टामा पउला (जुत्ता) लगाएकि थिईन भने निजेरीले दोचा (भाडको रेसाले बनाएको) लगाएकी थिईन। यसरी अघि अघि सुर्मा पछिपछि निजेरी हिमालय तिर लागे, सुर्माले धेरै ठाउँमा आफू बस्ने ताल बनाउन कोसिस गरेकी थिईन, तर ताल बनाएर भागबन्डा नगर्दै निजेरी पुग्थिन। राक्षसनीले छोएपछी सुर्मा नबसी अगाडि बडथिन, धेरै ठाउँ कोसिस गर्दा असफल भएपछी सुर्माले पउला साटेर



दोचा लगाईन। दोचा नचिप्लने पउला चिप्लिने भएकाले निजेरीले सुर्मा लाई भेटाउन सकिनन, हालको उच्च हिमाली भेगमा रहेको सुर्मा सरोवर तालमा यसरी बसाई सरेको भन्ने भनाई छ। जहाँ जहाँ विभिन्न भेषद्धारा सुर्मा देवी गईन, तहाँ तहाँ देवीको मन्दिर स्थापना गरिएका छन। उनै देवीको नामले यो बिरिजात पर्व परिचित छ,जात्रा यसरी सुरु हुन्छ।

सुर्मा सरोवर बिरिजात मेला प्रत्येक वर्ष श्रावण शुक्ल औशीका दिन देखी सुरु हुने गर्दछ। सुदूरपश्चिमकै सबै भन्दा लामो समय सम्म लाग्ने धार्मिक पर्यटकीय तथा सांस्कृतिक महत्व बोकेको प्रसिद्ध मेला हो बिरिजात, जुन पर्व १७ दिन सम्म धुमधामका साथ मनाउने गरिन्छ।

औशीका दिन देखी एक चित्त एकाग्र चोखो निम्तो रही एक छाक मात्र भोजन गरि सुर्मा भवानी माताको व्रत आरम्भ गर्ने गरिन्छ सुर्मादेवी माताको पूजा आराधना गरी बाधा मान्ने गर्दछन, बाधा मानिएको समयमा भक्तजनहरू अपवित्र हुन्छन भनेर सुर्मा भवानी पर्व जात्रामा सहभागी हुने भक्तजनहरूलाई जात्रा अवधीभर लसुन मुसुर माछा-मासु रक्सी समेत बार्ने गरिन्छ तथा निषेध गरिन्छ।

विधिवत् रूपमा जात्रा पहिलो दिन शुक्ल एकादशीका दिन श्रद्धालु भक्तजनहरू आ आफ्नो भूमिबाट लाकुणीको पूजाआजा गरी हातमा लिई सुर्मा सरोवरका लागी यात्रा प्रस्थान गर्ने गर्दछन। विशेष गरि यस ऐतिहासिक धार्मिक प्रर्यटकिय मेलामा बझाङको जयपृथ्वी नगरपालिका सुर्मा, छबिस र अन्य पालिका बाट तीर्थालु आउने गर्दछन साथै दार्चुलाको अपि हिमाल लगायतका पालिकाका बाट पनि सुर्मा बिरिजात मेलामा सोहि दिन यात्रीहरूले साईत सार्दछन।

जतिबेला सुर्मादेवीले सुर्मा ताल सम्म जुन बाटो हिडेकी रोजेकी थिईन सोहि बाटो हुदै जात्रा लोग जाने गर्दछ। यो पर्वमा हिलो पानी ढुङ्गोमाटो नभनी साता दिन सम्म खालि खुट्टा हिड्नु पर्ने हुन्छ, छाता सम्म पनि मनाई गरिन्छ पहिलो दिन धामिलेक बाट पिठालेक, चैनपुर, सेलाखेत, थपाली हुदै लोग घोगाणा पुग्दछ, घोगाणाका दाजुभाई धामी तथा भक्तजनलाई पड्छन आउने परम्परा छ, सोहीअनुसार घोगाणी दाजुभाईले काँधमा बोकी मन्दिर भित्र प्रवेस गराउछन।

उता छविस पाथिभेरा गाउपालिका खोरी घट्या सुर्माधल्देव देवताका आलिपालि पनि सुर्मा सरोवर जात्राका लागी नेजा बाजा सहित प्रस्थान गर्दछन साथै एकादशीकै दिन बिहानै दार्चुलाको अपिहिमाल गाउँपालिका बाट पनि सुर्मासरोवर कुण्डमा स्नानका लागी आउने गर्दछन।

जात्रामा विभिन्न ठाउँमा रहेका मन्दिरका प्राङ्गणहरू तथा परम्परागत रूपमा मान्दै आएका ठाउँमा देवी धल्देउ का देवतालाई पालि अनुसार काँधमा चढाएर चाहाँ चाहाँका साथ बोक्दै जाने गर्दछन। सोही दिन मन्दिरमा पूजापाठ गर्ने फाग-मागल गाउने ढुस्का भारी खेल खेल्ने लगायतका धार्मिक कार्य गर्दै जाग्राम बस्दछन। राति चाहा लगाउदै धामी लाई चलाउने गरिन्छ जस्लाई देवाली (धामीमा देवता अवतार भएका बेला गरिने कुरा) भनिन्छआफूले मागेको वर पुरा होस भन्दै देवालीका बेला हात जोड्दै कर गरिन्छ।

धामीमा देवता अवतार हुन्छ काप्छन चल्छन देउधमेलो पूजापाठ गरिन्छ र अवतारमा देखिएको कुरा बेलि बृस्टान्त आफ्नो भाषामा बताउछन पालि आफ्ना मागहरू देवता समक्ष राख्दछन।

भोलि पल्ट दोस्रो दिन हातमा लाकुरी तथा निगालाको लौरो लिई जात्रा सुर्माको थकुन्नाडा सम्म प्रस्थान हुन्छ जात्रा लोग दालिचौर हुदै थकुन्नाडा पुग्दछ भने उता छबिसका धेरै ठाउबाट तिर्थालुहरू थकुन्नाडामा पुग्ने गर्दछन। बाह्र पालि(समर्थक) बाउन्नखुवा (ठाउँ बस्ती) भएको यो सुर्मासरोवर जात्रामा सबै भक्तजनको भेट हुने स्थल थकुन्नाडा नै हो यस गाउँमा वोहोरा तथा पुजारा थरका मानिस बस्ने गर्दछन, जात्रामा बाहिरबाट आउने सबै तीर्थालु तथा धामी झाँक्रीलाई पड्छने परम्पराअनुसार सुर्मा धल्देव तथा अन्य धामीलाई काँधमा लगाई ढाका नाच सहित मन्दिर प्रवेश गराउछन।

मन्दिरमा राति देवालीधमाली हुन्छ धामी चल्ने काप्ने सहित देवताले पछीहुने तथा सजक रहन बताने तथा मन्दिर भित्र देवि देवताको छलमा चल्ने रुनेकराउने पनि तमाम भेटिन्छन।

राति मन्दिरभित्र भजन-कृतन हुन्छ भने थकुन्नाडा मन्दिरबाहिर रातभरि फाग-मागल ढुस्का भारी खेल डेउडा गाउदै ढाका बजाउदै जयजयकार गर्दै रात बिताउछन। थकुन्नाडामा पर्वको अवसर पारि सांस्कृतिक धार्मिक तथा खेलकुदका कार्यक्रमहरू पनि मेला व्यवस्थापन समितिले सञ्चालन गर्दै आएको छ जस्ले गर्दा मेलाको रौनक फरक किसिमको पाइन्छ, यो रात पनि यसरी बित्दछ।

आ-आफ्नो अनुकूलता पारी सोही दिनको मध्य रातिदेखि (ब्यान्देल) उज्यालो नहुदै सरोवर कुण्डको यात्रामा पुरुष तिर्थालुहरू मात्र हिँड्ने गर्दछन, महिला तिर्थालुहरूलाई भने सरोवर सम्म जानका लागी रोक गरेको पाइन्छ। उकालो अप्ठेरो बाटो अग्ला हिम शृङ्खला लोट्नी हुदै नाचनी पुगिन्छ नाचनीमा पहिलो पटक सरोवर जाने तीर्थालुलाई काँध लगाएर केही समय बोक्ने चलन छ जस्लाई बालो ि बरे नौलणा (नयाँ) भनिन्छ।

आफूले लिएको सातुसामल खादै विश्राम गर्दै बाटोमा चाहा चाहा लगाउदै देवीको नाम जप्दै देवीका फाग मागल गाउदैशंख फुक्दै नेजागाजाका साथ बाजाको रुपमा ढाका घण्टी बनाउदै लोटनी नाचनी बुडो बिनायक बाउन्न ओडार मधुखर्क, जलजला, चादेसिखर हिमाल अगौठ्या ओढार देलठेलापार गर्दै सुर्मादेवीको जयजयकार चाहाँचाहाँ गर्दै सुर्मा सरोवर ताल पुग्ने गर्दछन।

लगभग समुन्द्री सतहदेखी ६ हजार ५ सय २३ मिटर उचाईमा रहेको सुर्मा ताल सुर्मा थकुन्नाडा देखी लगभग १६ घण्टा पैदलमा पुग्न सकिन्छ, बाटोमा मुसलधारे पानी असिना पर्यो भने सरोवर पुग्न थप समय लाग्ने हुन्छ।

छिपिलि सुर्मा देवीको छल तथा शक्ति स्नेहले सामान्य लेक लाग्नु बाहेक अन्य समस्या भने यात्रुहरूलाई हुदैन, कुनै तीर्थालुलाई समस्या भएमा पनि एक आपसी सहयोगले लिन र फर्काउन सहयोग गर्ने गर्दछन।

अन्य दिन भन्दा यो दिन महत्वपुर्ण दिन हो,आफुले लिएको चिना बाना नेजा फुल अक्षता घण्ट सुन चादी द्रव्य धूपबत्ती मन्दिरमा चढाउदै सुर्मा तालमा स्नान गरी सुर्मातालको दर्शन गर्दै पुजापाठ गरी आफूले चाहेको वर माग्दै कर जोडी सोही रात तालको वरपर रहेका ढुङ्गे ओढारमा सुत्ने गर्दछन भने कतिपय ताल वरिपरी त्रिपाल टाङेर रात बिताउने गर्दछन। उच्च हिमाली भेग तापक्रम माईनस डिग्रीमा हुने भएकाले चिसो अत्यधिक हुन्छ।

दार्चुला जिल्लाका तीर्थालु बाला बुढाबिर भने सुर्मादेवीको दर्शन पूजाआजा गरेर फर्किसकेका हुन्छन, बझाङको सुर्माबाट गएका तीर्थालु र दार्चुला मार्माबाट आएका तिर्थालुहरूको सुर्मा सरोवरमा भेट भएमा तिर्थालुहरूलाई राम्रो हुदैन भन्ने भनाई छ।

चौथो दिनको बिहानीमा सुर्मा जलकुण्डमा देवाली धमाली हुने धामी चल्ने तिर्थालुहरूले बर माग्ने कार्य हुन्छ। धामी झाँक्रीमा देवता अवतार भएपछि चल्दै तालको बिच भागमा पुग्ने गर्दछन। सावधानका साथ सुर्मादेवी र धल्देउलाई फिर्ता हुन अनुरोध गर्दै फिर्ता बोलाइन्छ।

सुर्मा ताल बाट गङ्गाजल गंगी माटो तथा ठुला-ठुला पाटन बाट गौरीधान तथा रंगीचंगी फूल लिएर सुर्मासरोवर लाई बिदाइ गर्दै आलिपाली बाला देखि बुढाबिर जत्यारुहरु घर फर्किन्छ। सुर्माताललाई ऐतिहासिक धार्मिक तीर्थको रूपमा पनि लिइन्छ, जहाँ तीर्थ गएका बालाबिरे नौलणाको जनै हाल्ने पनि गरिन्छ, नौलणा घर फर्केको पाँच दिन पछि पञ्चरात्री पूजा गर्ने परम्परा छ। सुर्मा सरोवर मेला यो दुई किसिमले मनाइन्छ। यो वर्ष ठुली बिराई र अर्को बर्षसानि बिराई। फरक यति मात्रै हो सानी बिराई भन्दा ठूली बिराईमा भक्तजनहरू सरोवरमा बढी सङ्ख्यामा पुग्ने गर्दछन,एकचित्त मन सुद्ध सफा भएर जसले सुर्मा सरोवर यात्रा गर्दछन सुर्मादेवीले उसले चाहेको वर मागेको फल दिने भनाई छ, यसै विषयमा सरोवर यात्रा गरेका यात्री तथा तीर्थालु भक्तजनलाई सोध्दा मनोकामना पुरा भएको तथा, हुने कुरा बताउछन।

सरोवर जानेवेला भन्दा फर्किने बेलाको छुट्रुटै किसिमको आनन्द हुन्छ, फर्किने बेला बिच बाटो अगौठ्या ओढार चादेसिखर बुढो विनायक भुक्तोलि आदि स्थलहरूमा देवाली धमाली हुने गर्दछ। चाहा चाहाका साथ धामी झाँक्री चलाउने गरिन्छ। जसरी जानेबेला गीत फाग मागल ढाका बाजा शंख, घण्ट बजाई रमाइलो गरिन्छ त्यसैगरी फर्किन्छन।

अग्ला हिमाल हिमश्रृङखला पाटन तथा पर्यटकीय क्षेत्र पार गर्दै दिनभरिको पैदल यात्राका साथ लोग गाजाबाजा सहित लोट्नी भन्ने ठाउँमा पुग्दछन। लोट्नी सम्म भने महिला दिदी बहिनिहरूलाई जान दिने चलन छ। आफ्ना आफन्त पर्छनका लागि उक्त लोट्नी भन्ने ठाउँसम्म महिला दिदी बहिनिहरू विभिन्न मिठा मसिना खानेकुरा लिएर पुगेका हुन्छन।

सरोवरबाट जब जत्यारु लोट्नी सम्म पुग्दछन तब सरोवर बाट ल्याएको गंगी माटो टिका र गौरी धान लगाई आर्सिवाद लिने दिने सहित खुसी साटासाट गरिन्छ। दिनभरीको थकान मेट्दै खानेकुरा खान्छन र केही समय पछि भूक्तोली पुग्दछन।

भुक्तोलीबाट सुर्माका दाजुभाईले सुर्मा धल्देव र मष्टाका देवतालाई काँधमा लगाई चाहा चाहाका साथ थकुन्नाडा पुगाउँदछन्। जात्रा थकुन्नाडा पुग्ने दिन पानी नपरी नछाड्ने सुर्माका बुढापाका बताउछन।थकुन्डाडामा डाकेनाच खोरी घट्टेका दाजुभाईहरूले खुब रमिता गर्दछन। जात्रा र माइलोका साथ थकुन्नाडा पुगि सोही दिन जत्यारु तीर्थालु त्यतै बस्दछन।

पाँचौं दिनको बिहान सुर्माबासीले अवारो (अन्न) घर घर बाट उठाई मिष्टान्न भोजन खुवाई देवी धल्देउ मष्टाका धामी झाँक्री पुजारी र जयपृथ्वी छवीस लेकगाउ खोरी घट्या लगायतका अन्य जत्यारुलाई बिदाइ गर्ने गर्दछन।

आधा जत्यारु डाँडापारि खोरी घट्यातिर आफ्नै तरीकाले पर्वलाई विसर्जन गर्दछन भने आधा तिर्थालुहरू लोग सहित घोगाणा तर्फ लाग्दछन, घोगाणामा ठुला दुई मन्दिर छन जसरी जादा रमाइलो गरिन्थ्यो फर्किदा पनि सोही किसिमले धार्मिक कार्य गरि रमाइलो गरिन्छ। फाग गाउने ढुस्का खेल्ने भारीखेल लगाउने डेउडा खेल रातभरी खेल्ने गरिन्छ।

छैटौं दिन यात्रुहरूलाई घोगाणी दाजुभाईले अवारो उठाई खाना खुवाई बिदा गर्ने चलन छ। घोगाणालाई बिदाइ गर्दै लोग सेलाखेत पुग्दछ देवीका धामीलाई बिदाइ गर्दै जात्रा बझाङको सदरमुकाम चैन्पुर हुदै माधुकाटिया र काप्रिकोट बस्दछ भने तिर्थालुहरू आ आफ्नो घर पुग्दछन उता मयानामा पनि जत्यारुहरु फाग गाउने डेउडा खेल्ने सहित धामी चलाई चाहाचाहाका साथ रमाइलो गर्ने गर्दछन।

सुर्मा सरोवर बिरिजात मेला जात्राको अन्तिम सातौँ दिन जयपृथ्वी ११ पिठालेक धामीलेकको ठानाचौर भन्ने ठाउँमा परिपाली बाट दिउसो तिर धामीझाँक्री सहित लोग नेजागाजाका साथ जात्रा हेर्ने मानिस जम्मा हुने गर्दछन भने वारिपारीबाट दाजुभाई दिदीबहिनी बिरिजात पर्व हेर्न आउने गर्दछन।

सरोवर बाट फर्केका तिर्थालुहरूले गंगीमाटो तथा गौरी धान लगाईदिने मिठाइ तथा फलफूल खुवाउने परम्परा रहि आएको छप्रतेक घरबाट घाट्या (दही राख्ने भाडा) मा दही र पुरि पकवान लिएर ठानाचौरमा जम्मा हुने गर्दछन।

जब दिन ढल्कीदै जान्छ तव जात्रामा सहभागीले चाहाचाहाका साथ धामी चलाउछन देवाली हुन्छ देवालीमा देवी धल्देउ डाडाबाग लागा लगायत अन्य देवता अवतार हुदै चल्छन देवताले भईरहेको तथा भविष्यमा हुने केही कुरा बताउदै देवाली धमाली अन्त्य हुन्छ। सङ्कलन गरेको दहीलाई सबैलाई बाड्ने र पुरी पनी खुवाउने गरिन्छ जस्लाई दहीचाटो (दहीखाने) भनिन्छ।

दशौ दिन व्रत बस्ने सातादिन सम्म जात्रामा सहभागी हुने तथा पर्वमा रमाउदै धामीझाँक्रीलाई काँधमा बोकेर पुजारालाई घर पुऱ्याउने तथा सबै तिर्थालुहरूलाई धामीले हात हल्लाउदै बिदाइ गर्दै धामीलेकमा रहेको देवताको दहीपाण (देवता बस्ने) घरमा पुनः देवाली-धमाली हुन्छ र यसरी पवित्र धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय महत्व बोकेको सुर्मादेवी, सुर्मा सरोवर बिरिजात मेलाको बिसर्जन हुन्छ।

प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्

# भिमदत्त बहुप्राविधिक शिक्षालय

पाटन, बैतडी

## डिप्लोमा तथा प्रमाण पत्र तहको डिप्लोमा इन फार्मेसीमा नयाँ भर्ना सम्बन्धी अत्यन्त जरूरी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय भिमदत्त बहुप्राविधिक शिक्षालय, पाटन, बैतडीमा नयाँ शैक्षिक सत्र २०८२/०८३ को लागि पूर्ण शुल्किय तर्फ, **डिप्लोमा इन फार्मेसी** कार्यक्रममा ४० जनाको लागि तपशिल अनुसारका कोटाहरुमा आवेदन फारम खोलिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.न. | कोटा | डिप्लोमा इन फार्मेसी |
|---|---|---|
| १ | महिला | १ |
| २ | दलित, हलिया, पूर्व कमैया | १ |
| ३ | पिछडिएका, दुर्गम, आर्थिक विपन्न, आदिवासी जनजाती | १ |
| ४ | अपाङ्ग, द्वन्द पिडित, जनयुद्ध/मधेश आन्दोलन विस्थापित, घाइते, शहिद परिवार | १ |
| ५ | TSLC/प्रि-डिप्लोमा | ४ |
| ६ | परिषद् कर्मचारी कोटा | १ |
| ७ | बैतडी जिल्ला कोटा | ३ |
| ८ | दार्चुला जिल्ला कोटा | २ |
| ९ | पाटन नगरपालिका कोटा | २ |
| १० | खुला | २० |
| ११ | वर्गीकृत छात्रवृति कोटा | ३ |
| १२ | जेहनदार छात्रवृति कोटा | १ |
| जम्मा | | ४० |

**प्रवेश परीक्षा शुल्क** : १०००।-(एक हजार मात्र)
**आवेदन फारम वितरण मिति** : २०८२/०४/०६ गते मंगलबार देखि
**आवेदन फारम भर्ने अन्तिम मिति** : २०८२/०४/२६ गते सोमबारसम्म

**आवेदन फारमसाथ बुझाउनुपर्ने कागजातहरु**
◆SEE/SLC को लब्धाङ्क पत्रको प्रतिलिपि, ◆चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, ◆SEE/SLC को प्रमाण पत्रको प्रतिलिपि
◆जन्मदर्ता प्रमाण/नाबालिक प्रमाणपत्रको प्रतिलिपि ◆ आरक्षण कोटाको हकमा सम्बन्धीत निकायबाट सिफारिश पत्र
◆पासपोर्ट साइजको (35 mm*45mm) को रङ्गीन फोटो ३ प्रति

**आवश्यक न्युनतम योग्यता** :
डिप्लोमा इन फार्मेसी कार्यक्रमको हकमा मान्यतआ प्राप्त शिक्षण संस्थाबाट SEE परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान बिषय लिई **समग्रमा न्युनतम २.00 GPA** सबै कार्यक्रममा प्रि डिप्लोमा कोटाको लागि **कुल पूर्णङ्कमा ६८.३३ प्रतिशत अंक** प्राप्त गरी उत्तीर्ण गरेको।

सम्पर्क नम्बर : ०९५४०००९४, ९८५८७८०३२९
नोट : आवेदन फारम www.bdpi.edu.np अथवा www.ctevt.org.np बाट पनि प्राप्त गर्न सकिनेछ।
परीक्षार्थीहरुले www.ctevtexam.org.np बाट अनलाईन आवेदन बुझाउन पर्नेछ।

**जीवनदत्त पन्त**
**शिक्षालय प्रमुख**

# XI Science Management

Admission Open 2082

Apply Now!

Spot Entrance



Form Distribution: From 2082/03/22
Class Started: From 2082/04/18

**Features**
- Model Institution
- Use of ICT
- Smart board, Projector Fitted Classroom
- Huge Library
- Modern Computer Lab
- Well Furnished Reading Room
- Pure Drinking Water
- Health Checkup, Change Room
- Sports
- Huge Seminar Hall
- Career & Exam Support
- ECA & CCA Activities
- Affordable fee structure with installment payment options
- Educational tours, industrial visits

**Scholarship**
- 100% to who secure "A+" grade in SEE
- 100% to youngest student of 3 brothers and sisters of same parents
- 50% to the student who are sisters and brothers of same parents
- 50% to Orphans
- 20% to who secure "A" grade in SEE
- 10% to who secure "B+" grade in SEE
- 10% to the Female
- 10% to the students from Baitadi, Dadeldhura, Darchula, Achham, Bajhang, Bajura, Doti
- 10% to Dalit, Janajati, Aadibasi
- 10% to who secure more than 60% in Entrance Exam

Limited Seat

**Kanchan Vidya Mandir Secondary School**
Bheemdatta-04, Bankhet, Kanchanpur
Cont. 099521129, 522135, 521392, 9848720408, 9848720409, 9848741711

# रमाईलो® मैदा

तपाईंको स्वास्थ्यको साथी

बेकरी, म:म: र नुडल्स को लागी न.१

RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# JANJYOTI CAMPUS/SCHOOL



ADMISSION OPEN For XI



District First in Management-2080
PABITRA THAKURATHI



District First in Law-2081
PARWATI BOHARA

+2 Management
Computer/Business
Law
• Procedural Law • Constitutional Law
• Jurisprudence & Legal Theories
Education
• Major English • Major Math
• Major Nepali • Major Health

Grab special discount & Exciting Scholarship offers

For More Details:
JANJYOTI CAMPUS/SCHOOL
Bhasi, Kanchanpur
janjyotischool@gmail.com
call now: +977-099-418031 9858775097

# महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर

## भर्ना सम्बन्धि सूचना

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ।

**भर्ना कार्यक्रम**
Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अर्न्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ।
**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर नि:शुल्क रुपमा भर्न सकिनेछ।

**सिट संख्या**
मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना
अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क :महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९-५९००४४,९८४८७२०२४७,९८४८७२६८६५

# के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि।
-तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ।
-पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट तचबअबचन गर्न सकिन्छ।
-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

# छानको बालुवा र गिट्टी चाहिएमा ।




यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।

**हाम्रा उत्पादनहरू**
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural

**सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग**
वेदकोट–९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७


# आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा

## डा. भावेश
M.B.B.S.,M.D.(Medicine)
Physician Fellowship in Echocardiology Fellowship in Diabetes & Endrocrinologyu,
(जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ




**प्रत्येक दिन**

## डा. कुलदिप MBBS, MS (Surgery)
(जनरल एवं ल्याप्रोस्कोपि सर्जन)



**प्रत्येक दिन**

## डा. अभिनव कुमार कटियार
M.B.B.S., D.D.V.L
( डर्मोटोलोजी)
छाला, रगौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ



**प्रत्येक मंगलबार**

**सुविधाहरू:** I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाईपिप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।

**आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र** Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।

**लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।**

**चौबिसै घण्टा इमरजेन्सी सुविधा**

**सम्पर्क स्थान: आनन्द हाँसिपटल एण्ड रिसर्च सेन्टर**
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

# विशेषज्ञ डाक्टरहरू सौजन्य मेडिकलमा

## डा. रवि स्वार
M.B.B.S., M.S., (E.N.T.)
बरिष्ट नाक, कान, घाटी रोग विशेषज्ञ
**प्रत्येक महिनाको पहिलो शनिबार**

## डा. सुमित पाण्डेय
M.D. डर्मा, बरिष्ठ छाला, यौन तथा सौन्दर्य विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज
**प्रत्येक महिनाको पहिलो शनिबार**

## डा. मोहन बेलबासे
M.D. साइकेट्रिक, बरिष्ठ मानसिक नशारोग विशेषज्ञ, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल
**प्रत्येक महिनाको दोस्रो शनिबार**

## डा. निराजन दत्त शर्मा
M.D.-1020 NMC
पेट छाति तथा मुटु रोग विशेषज्ञ, पुर्व कार्यरत ग्राण्डी ईन्टरनेशनल हस्पिटल काठमाण्डौ
**प्रत्येक महिनाको अन्तिम शनिबार**

## डा. धर्मनाथ यादव
M.D. (कार्डियोलोजी) इन्टरभेसनल कार्डियोलोजी (मेदान्त अस्पताल), वरिष्ठ मुटुरोग विशेषज्ञ शहीद गंगालाल हृदयरोग केन्द्र, काठमाडौं
**हरेक महिना तेस्रो शुक्रबार र शनिबार**

**सुविधाहरू:** TMT अल्ट्रासाउन्ड, इको कार्डियोग्राफी, डिजिटल, ई.सी.जी., एक्स-रे, कानको सुनाई परीक्षण, घाँटीको इन्डोस्कोपी छालाको जाँच, ल्याब सुविधातथा औषधीहरु आदि।

**सम्पर्क स्थान: सौजन्य मेडिकल तथा क्लिनिक**
गल्ली नं. ३ (पुरानो पाटनी मेडिकल), महेन्द्रनगर, कञ्चनपुर, फोन: ०९९-५२२६६६, ५२३४३५

**लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा**

लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकै जानकारी गराउँदछौं ।

**डा. केशव भट्ट**
MBBS, MS Orthopedics
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. शक्ति नृसिंह यादव**
MBBS, MD (Pediatric)
वरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ

**डा. प्रशान्त भट्ट**
MBBS, MS (ENT)
नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ

**डा. शोमनाथ भण्डारी**
MBBS, MD/MS (Obs,Gyne)
वरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ

**डा. निर्मल अमर सिंह थापा**
MBBS, MS (General Surgeon)
हाइड्रोसिल, हर्निया, बावासिर, पेट रोग विशेषज्ञ

# लाईफ केयर क्लिनिक

099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७